का.जि.प्र.का.द.नं. १००/०५९/६०
३१ भदौ २०७९,
शुक्रबार
16 September 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २०, अंक २२३ । पृष्ठ १२
Madhyanha National Daily
www.madhyanhadaily.com



आगामी आमनिर्वाचनका लागि सरकारले म्यादी प्रहरीमा भर्ना खोलेपछि सप्तरीको राजविराजस्थित पब्लिक बिन्देश्वरी माविमा बिहीबार भर्ना हुन फारम भर्दै युवाहरु । तस्वीरः अरुणकुमार यादव, रासस

## तालमेलमा अनिच्छा प्रवेशमा जोड

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले बिहीबार चितवन पुगेर नेकपा माओवादी केन्द्रका नेता तथा कार्यकर्ता प्रवेश गराएका छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको निर्वाचन क्षेत्र रहेको चितवनका प्रभावशाली नेताहरु एमालेमा प्रवेश गराएको नेताहरुले दावी गरेका छन् । ओलीले माओवादी केन्द्रका केन्द्रीय सदस्य यमबहादुर परियार इन्द्रजीतलाई एमाले प्रवेश गराएका हुन् ।

परियार चितवन जिल्ला सहइन्चार्ज थिए । उनी तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हुँदा पनि जिल्ला अध्यक्ष थिए । नेकपाको एकता प्रक्रिया भंग भएपछि परियार माओवादी केन्द्रतिर लागेका थिए । बिहीबार अध्यक्ष ओलीले चितवन गएर परियारलाई एमालेमा प्रवेश गराए ।

उनी ०६४ सालको संविधानसभा निर्वाचनमा माओवादीबाट चितवन-१ मा उम्मेद्वार थिए । तर एमालेकै लालमणि चौधरीसँग पराजित भएका थिए । उनी माओवादी केन्द्रबाट प्रदेशसभा सदस्यमा सिफारिस नै भएका थिए । आगामी चुनावमा चितवन-३ (ख) बाट प्रदेशसभा सदस्यको उम्मेद्वार सिफारिस भएका थिए । तर बिहीबार उनी एमालेमा प्रवेश गरे । माओवादी केन्द्रबाट चितवनमा प्रभाव राख्ने नेता पार्टी प्रवेश गराउन सफल भएपछि अध्यक्ष ओली उत्साहित



देखिएका थिए । परियारलाई पार्टी प्रवेश गराएपछि ओलीले एमाले परिपक्क अवस्थाको अभिमन्यू भएको दावी गरे ।

ओलीले आउने असोज ८ गते लोकतान्त्रिक समाजवादी

> पार्टी विभाजनको चोट खेपेको नेकपा एमालेले पार्टी प्रवेशलाई प्राथमिकतामा राखेको छ । जबकी एमालेभित्रै देखिएको वाम तालमेलको प्रस्तावलाई भने नेतृत्वले अस्वीकार गरेको थियो ।

पार्टी (लोसपा) का सांसद नै एमालेमा प्रवेश गराउने तयारी छ । लोसपाका सचेतक रहेका उमाशंकर अरगरियालाई ओलीले जनकपुर पुगेर एमालेमा प्रवेश गराउने भएका हुन् । अरगरियाले गएको ०७४ सालमा तत्कालीन समाजवादी पार्टी, नेपालबाट चुनाव जितेका थिए ।

धनुषा-२ बाट चुनाव जितेका अरगरियाले जनता समाजवादी पार्टी (जसपा) विभाजन हुँदा भने लोसपा रोजेका थिए । उनी राजपासँग एकता भएपछि जसपाका सांसद भएका थिए । तिनै सांसद अरगरिया एमाले प्रवेश गर्ने भएका हुन् । एमालेले पार्टी प्रवेशलाई प्राथमिकतामै राखेका छन् ।

शक्तिशाली नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग भएसँग एमाले समेत विभाजित हुन पुगेको थियो । एमालेबाट पूर्वप्रधानमन्त्रीहरु माधवकुमार नेपाल र झलनाथ खनाल सहित नेताहरुले एकीकृत समाजवादी गठन गरेका छन् । तर एमालेको एकता जोगाउन पहल नगरेका ओलीले पार्टी प्रवेशलाई भने यसअघिबाटै जोड दिदै आएका छन् । गएको स्थानीय चुनावमा जनकपुर, नेपालगञ्ज लगायत स्थानीय तहमा पनि पार्टी प्रवेश गराएर उम्मेद्वार बनाएका थिए ।

## देशभर बिरामी छन् सरकार कहाँ छ ?

डेंगुको संक्रमण देशभर फैलिए पनि सरकारले विरामीहरुको उपचार र रोकथामबारे कुनै कदम चालेको देखिदैन । अस्पताल भर्ना भएका विरामीहरुले सरकारबाट आवश्यक पहलकदमी नचालेको गुनासो गरेका छन् ।



तस्वीरः सुमन नेपाली/नेपाली टाइम्स

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

काठमाडौं लगायत देशभर डेंगुको प्रकोप फैलदाँ समेत सरकार अझै बेखबर छ । देशभरका स्वास्थ्य संस्था, अस्पतालमा बेड नपाउने अवस्था आउँदा समेत सरकारले उचित पहल नगरेको विरामीहरुको गुनासो छ ।

अहिले देशभरबाट १० हजारभन्दा बढी संक्रमित भइसकेका छन् भने ११ जनाको मृत्यु भइसकेको छ । यही हप्ता मात्रै टेकु अस्पतालमा दुई जनाको मृत्यु भएको थियो भने परीक्षण गरिएका ८० प्रतिशत बिरामीमा डेंगु पुष्टि पनि भएको छ । यतिसम्म कि अस्पतालमा बिरामीको चाप बढेर उपचार नै नपाउने अवस्था छ । 'बेड पाउनै मुस्किल रहेछ ।' उनको परिवारमा चार जनालाई डेंगु भएको रहेछ । तीन जनाको टेकुमै उपचार भइरहेको थियो । 'बुबालाई डिस्चार्ज गरेको । तीन जनाको यहीँ उपचार भइरहेको छ,' टेकु अस्पतालमा श्रीमानको उपचार गराइरहेकी मनिता शर्माले भनिन् । सन्, २०१९ मा पनि डेंगुले प्रकोपको रूप लिदाँ करिब १८ हजार संक्रमित भएका थिए । तर, यो पटक डेंगु संक्रमितको संख्या उच्च देखिदाँ रेकर्ड ब्रेक हुने चिकित्सकहरु बताउँछन् ।


'बालबालिकादेखि ७० वर्षसम्मका बिरामी आउनुभएको छ । घरमा एक जनालाई डेंगी भएपछि अरूलाई पनि सरेको देखिन्छ, महामारीले अझै केही समय लिने निश्चित छ' सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुनले भने । साथै उनले – बाँकी पृष्ठ २ मा

## पुरक बयानमा बोलाइए जबरा

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

संघीय संसदको महाअभियोग सिफारिस समितिले निलम्वित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई फेरि बयानका लागि बोलाइएको छ । आज बस्ने सिफारिस समितिको बैठकमा जबरालाई पुरक बयानका लागि बोलाइएको हो ।

यसअघि ४३ प्रश्नमाथि जबराको बयान लिइएको थियो । सांसदहरुले सोधेका प्रश्नमाथि जबराले केही दिन लगाएर जवाफ दिएका थिए । तर जवाफ मात्रै नदिएर जबराले



प्रतिआरोप समेत लगाए ।

जबराले तानेका व्यक्तिहरुसँग बिहीबार सिफारिस समितिमा छलफल भएको थियो । जबरामा वरिष्ठ अधिवक्ता चण्डेश्वर श्रेष्ठ, शम्भु थापा, ओमप्रकाश अर्याल, पूर्णमान शाक्य लगायतले बयान दिएका थिए । जबराले तानेका व्यक्तिहरुले भने आफूहरुमाथि लागेको आरोपप्रति आपत्ति जनाउँदै पुष्टि गर्न चुनौती समेत दिएका थिए ।

यसपछि सिफारिस समितिले फेरि जबरालाई पुरक बयानका लागि बोलाउने निर्णय गरेको छ । आज बिहान ९ बजे बस्ने महाअभियोग सिफारिस समितिमा जबराले पुरक बयान दिएपछि भने समितिले प्रतिवेदन – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## अध्ययनपछि मात्र डिमाण्ड प्रमाणीकरण गर्न मन्त्री कुँवरको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले गम्भीर अध्ययनपछि डिमाण्ड प्रमाणीकरण गर्न काउन्सिलर श्रम र श्रम सहचारीहरूलाई आग्रह गरेका छन् । उल्लेख्य संख्यामा नेपाली कामदार वैदेशिक रोजगारीमा जाने नौ वटा देशमा कार्यरत काउन्सिलर श्रम र श्रम सहचारीहरूसँग मन्त्रालयमा भएको भर्चुअल बैठकमा मन्त्री कुँवरले उक्त आग्रह गरेका हुन् । डिमाण्ड आयो भन्दैमा राम्रोसँग नबुझी स्वीकृति नदिन आग्रह गरेको मन्त्री कुँवरको सचिवालयले बताएको छ ।

रोजगारदाताहरूका तर्फबाट मागपत्र 'डिमाण्ड' ल्याएर आएपछि राम्रोसँग बुझेर देश र श्रमिकको हित हुने खालको भए मात्रै स्वीकृति दिनुपर्नेमा जोड दिनुपर्ने बताएको उल्लेख गर्दै सचिवालयले भनेको छ, 'उहाँले कसैको दबाव र धम्कीको आधारमा डिमाण्ड स्वीकृत नगर्न पनि उहाँहरुलाई आग्रह गर्नु भयो ।'

मागपत्र प्रमाणीकरणका लागि डर, धाक, धम्की र प्रलोभन दिने व्यवसायीहरुसँग आफूले कुरा गर्ने पनि मन्त्री कुँवरले बताएको सचिवालयले बताएको छ ।

काउन्सिलर श्रम र श्रम सहचारीहरूले नेपाली कामदारको हक अधिकारको संरक्षण, समस्या परेको अवस्थामा उद्धार तथा रोजगारदाता र कामदारबीच भएको विवाद समाधानमा सक्रिय भूमिका खेल्नुपर्ने मन्त्री कुँवरले सुझाव दिएका छन् । साथै मन्त्री कुँवरले नेपाली श्रमिकले गर्ने काम र पाउने तलबका विषयमा बेला बेला अनुगमन गरेर काम गर्न – बाँकी पृष्ठ २ मा

### रेमिट्यान्स २० प्रतिशतले वृद्धि

**काठमाडौं/मस–** चालु आर्थिक वर्ष २०७९/८० को पहिलो महिना साउनमा नेपाल भित्रिने रेमिट्यान्समा २०.३ प्रतिशतले वृद्धि भई ९२ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाल भित्रिने रेमिट्यान्स १७.४ प्रतिशतले घटेको थियो ।

नेपाल राष्ट्र बैंकका अनुसार अमेरिकी डलरमा नेपाल भित्रिने रेमिट्यान्स १२.५ प्रतिशतले वृद्धि भई ७२ करोड ४० लाख डलर पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १६.८ – बाँकी पृष्ठ २ मा

## कम्पाउण्डभित्र भेटियो टुकुचा खोला

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० भदौ ।

> गएको साउन १२ गते सूचना जारी गरेपनि नहटाएको संरचना हटाउन बिहीबार महानगरको टोली जय नेपाल हल पुगेको थियो । ३५ दिने सूचना अटेर गरेर बसेको हलको परिसर भत्काउने क्रममा टुकुचा खोला भेटिएको हो ।

राजधानी उपत्यकाको मध्यभागबाटै टुकुचा फेला परेको छ । काठमाडौं महानगरले खोला खोज्ने क्रममा जय नेपाल हलको परिसरबाट टुकुचा खोला भेटाएको हो ।

नारायणहिटी दरबार क्षेत्रबाट निस्किएको टुकुचा उक्त क्षेत्रमा गायब थियो । तर खोलाको नक्सासहित निस्किएको महानगरको टोलीले जय नेपाल हलको परिसरमा डोजर चलाएको थियो । हल परिसरमा १५ फिट खनेपछि भने टुकुचा खोला भेटिएको थियो ।

स्थानीय दिएको उजुरीका आधारमा, खोला खोजिएको महानगरले जनाएको छ । खोला अतिक्रमण गरी भौतिक संरचना निर्माण भएको उनीहरुको उजुरी थियो । त्यसैआधारमा महानगरले डोजर चलाएको हो । – बाँकी पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३१ भदौ २०७९, शुक्रबार
16 September 2022, Friday

# भारतको अग्निपथ योजनाबारे चुनावपछिको सरकारले निर्णय गर्छ : परराष्ट्र मन्त्रालय



**काठमाडौं/मस-** परराष्ट्र मन्त्रालयले भारतको सैन्य भर्ती योजना अग्निपथबारे चुनावपछि बन्ने सरकारले निर्णय गर्ने बताएको छ। बिहीबार मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले आसन्न निर्वाचनपछि आउने नयाँ सरकारले मात्र अग्निपथका बारेमा निर्णय गर्ने बताइन् ।

उनले यस विषयमा तत्काल वार्ता र छलफल अगाडि नबढ्ने स्पष्ट पारिन् । प्रवक्ता लम्सालले अग्निपथमा सहभागी हुने वा नहुने बारे राष्ट्रिय सहमति पनि आवश्यक पर्ने भएकाले तत्काल निर्णय हुने सम्भावना नभएको बताइन् । भारतको अग्निपथ योजनामा नेपाली युवालाई पनि सहभागी गराउन खोजेको छ । तर नेपालले यसबारे निर्णय गरेको छैन ।

भारतीय सेनाका स्थल सेनाध्यक्ष मनोज पाण्डेले नेपालले अग्निपथका बारेमा छिट्टै निर्णय नलिए भारतीय सेनामा गोर्खा सैनिक भर्ती समेत रद्द गरिने बताएको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

# लालपुर्जा वितरण नगर्न आयोगको निर्देशन



**काठमाडौं/मस-** निर्वाचन आयोगले राष्ट्रिय भूमि आयोगलाई लालपुर्जा वितरण गर्नेलगायतका सम्पूर्ण कार्य स्थगित गर्न र तीन तहका सरकारलाई वैदेशिक भ्रमण नगर्न नगराउन निर्देशन दिएको छ । आगामी मङ्सिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मिति तय भई तयारीका कार्यहरू भइरहेको र समानुपातिक निर्वाचन प्रणालीतर्फ आगामी असोज २ र ३ गते उम्मेदवार मनोनयनको बन्दसूची पेश गर्ने कार्यक्रम रहेको सन्दर्भमा आयोगले सो निर्देशन दिएको हो ।

आयोगले निर्वाचनका अन्य कार्यक्रम पनि सञ्चालन हुने गरी राजपत्रमा सूचना प्रकाशत गरिसकेको छ। निर्वाचनमा स्वच्छता र निष्पक्षता कायम राख्न निर्वाचन सम्पन्न नभएसम्मका लागि आफू र आफ्नो मातहतबाट हुने र भइरहेका जग्गा वितरणसम्बन्धी निवेदन लिने, जग्गा नापजाँच गर्ने र जग्गाको निस्सा तथा लालपुर्जा वितरण गर्नेलगायतका सम्पूर्ण कार्यहरु तत्काल स्थगित गरी सोको यथार्थ जानकारी दुई दिनभित्र आयोगलाई दिन राष्ट्रिय भूमि आयोग, ताहाचल, काठमाडौंलाई निर्देशन दिइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

त्यसैगरी सम्बन्धित आयोजक तथा प्रायोजकबाट सम्पूर्ण खर्चहरू बेहोर्ने गरी स्वीकृत गरिने वैदेशिक भ्रमणबाहेक नेपाल सरकारलाई प्राप्त हुने अनुदान तथा सहयोग रकमबाट र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कोषबाट कुनै पनि रकम खर्च हुने गरी गरिने वैदेशिक भ्रमण नगर्न नगराउन नेपाल सरकार, सातवटै प्रदेश सरकार र सात सय ५३ वटै स्थानीय तहलाई आयोगले निर्देशन दिएको छ ।

# पहिरोले पुरिएर तीन जनाको मृत्यु



**काभ्रेपलाञ्चोक/मस-** काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका-४ चलालगणेस्थानस्थित ढुङ्गाखानीमा गएको पहिरोले एकै परिवारका तीन जनाको मृत्यु भएको छ । घरमा सुतिरहेको अवस्थामा घरमाथिबाट झरेको पहिराले पुरिएर दाजु नीरबहादुर तामाङ र बहिनी सावित्री तामाङको घटनास्थलमा नै मृत्यु भएको र आमा ठूलीमायाको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

काभ्रेपलाञ्चोक जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी उपरीक्षक चक्रराज जोशीका अनुसार घरसहित ४४ वर्षीय नीरबहादुर र ४० वर्षीया सावित्रीको शव पहिराले पुरिएको अवस्थामा निकालिएको हो । पैंछट्ठी वर्षीया ठूलीमायाको भने सख्त घाइते भई बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचारका क्रममा निधन भएको उनले बताए। नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले दाजु बहिनीको शव निकालेको हो । एकै परिवारको तीनै जनाको मृत्यु भएपछि आफन्त शोकमा डुबेका छन् ।

पालिकाभित्र सञ्चालित ढुङ्गाखानी तथा क्रसर उद्योगलाई मापदण्डभित्र रहेर सञ्चालन गर्न गाउँपालिकाले जिल्ला समन्वय समितिसँगको समन्वयमा अनुगमन गरी करिब एक हप्ता अगाडिमात्रै मापदण्डभित्र रहेर सञ्चालन गर्न र दर्ता तथा आवश्यक कागजात नभएका खानी र उद्योगलाई मापदण्ड पुऱ्याएरमात्रै सञ्चालन गर्न निर्देशन दिइए पनि मापदण्डविपरीत सञ्चालन हुँदै आएको जनाएको छ ।

# बाल अधिकारका कार्यक्रम स्टेजमा सिमित

**दाङ/मस-** 'बालमैत्री समाजको आधार, जिम्मेवार परिवार उत्तरदायी सरकार' भन्ने मुल नाराका साथ ५८ औं राष्ट्रिय बाल दिवस दाङसहित देशैभर विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

विभिन्न स्थानमा स्थानीय सरकार र बालबालिकाको हक अधिकारका क्षेत्रमा संघर्षरत संघसंस्थाले बाल दिवसमा विभिन्न कार्यक्रम गरिरहँदा अहिले पनि कयौं बालबालिकाहरु कलिलो उमेरमै श्रम गर्न बाध्य छन् । एउटा बालबालिकाको भविष्य सुमधुर बनाउने विषयमा परिवार, विद्यालय सँगसँगै समाज पनि उत्तिकै जिम्मेवार रहेको बताउँछन् बबई गाउँपालिका अध्यक्ष कुल बहादुर खत्री क्षेत्री। क्षेत्रीले परिवार, विद्यालय सँगसँगै समाजले पनि सकारात्मक शिक्षा र उसले पाउनुपर्ने अधिकार प्राप्त गर्न जिम्मेवारी पूरा गर्न सकेमा त्यो बालबालिका भोली पक्कै असल व्यक्ति बन्ने बताए ।

बाल अधिकारका नारा किताबमा मात्रै सिमित हुन नहुने जिकिर गर्दै जनकल्याण मावि पदमपुरका एक विद्यार्थी पुर्ण बहादुर वलीले अहिले पनि कयौं बालबालिका बाल श्रम गर्न बध्य हुनुपरेको बताए। वलीले बाल अधिकार हनन् हुन नदिन अनाथ बालबालिका र शिक्षाबाट बञ्चित बालबालिकालाई उचित व्यवस्थापन गर्ने दायित्व बोकेका सम्बन्धित निकाय गम्भीर हुनुपर्ने बताए । बालबालिकाको हक अधिकारका क्षेत्रमा दंगिशरण गाउँपालिकाका तर्फबाट समुदाय स्तरमै गएर कार्यक्रम सञ्चालन गरिएको बताउँदै उपाध्यक्ष पिमा कुमारी खड्काले यस अघि बाल श्रम गरिरहेका २ जनालाई परिवारको जिम्मा लगाइएको बताइन्। उनले आगामी दिनमा पनि गाउँपालिका यस क्षेत्रमा कटिबद्ध भएर लागिपर्ने बताइन् ।

बालबालिकाको हक अधिकारका क्षेत्रमा कयौं संघसंस्थाहरुले काम गरिरहेको भएपनि ती प्रयाप्त छैनन् । विगत लामो समय देखि बालबालिकाको हक अधिकार संगसंगै बाल हिंसा र बालविवाहा अन्त्यका लागि समेत काम गर्दै आएको संस्था समाजमा वातावरणीय शिक्षा सिड संस्थाका कार्यक्रम संयोजक उमेश खरेलले बालबालिकाका अधिकार कार्यान्वयनका लागि नेपाल सरकार र राष्ट्रिय बाल अधिकार परिषदले भने अनुसार काम गर्न र आवश्यक जनशक्ति व्यवस्थापन गर्न जागरुक हुन आवश्यक रहेको बताए ।

## देशभर ...

टाउको, हात, खुट्टा दुख्ने, खान मन नलाग्ने र वान्ता भएर गाह्रो भएमा तत्कालै अस्पताल आउन पनि सुझाव दिएका छन् ।

'मानिस आफैं सुरक्षित भएर झुल टाँगेर सुत्नुपर्छ। टायर सफा गर्ने, पानी जम्ने ठाउँ सफा गर्ने गऱ्यो भने डेंगुको आउट ब्रेकलाई रोक्न मद्दत गर्छ, 'पहिले बाहिर मात्र टोक्ने गर्थ्यो । अहिले घरभित्रै एडिस लामखुट्टे छिरेको छ । पर्दा मुनिबाट पनि टोक्न सक्छ' डा अनुप बाँस्तोलाले भने। उनले अब, चिसोयाम सुरु हुनेबित्तिकै यसको प्रकोप कम हुने पनि बताएका छन्।

डेंगुका बिरामीले जथाभावी पेनकिलर, सिटामोल जस्ता औषधि प्रयोग गरिरहेकाले चिकित्सकको सल्लाहअनुसार मात्र प्रयोग गर्न उनीहरुको सुझाव छ । बरु, ज्वरो घटाउन झोलिलो खानेकुरा खानुपर्ने उनीहरुको भनाई छ। डेंगुको महामारीले देशभरका अस्पताल भरिए पनि यसको नियन्त्रणका लागि सरकारले अझै ठोस कदम चालेको छैन। बरु, सरकार बेखबर बनेर नागरिकलाई झनै सास्ती दिइरहेको छ ।

## पुरक...

तयार पार्नेछ । जबरालाई महाअभियोग लगाउनुपर्ने प्रतिवेदन तयार पारेर संसदमा सिफारिस हुनेछ ।

गएको फागुन १ गते सत्तारुढ सांसदहरुले जबरालाई महाअभियोग लगाएका थिए । महाअभियोग पछि जबरा निलम्बित छन् । जबरालाई कार्यकारीसँग भागबण्डामा न्यायको सौदाबाजी गरेको आरोप लगाएर सर्वोच्च अदालतकै न्यायाधीशहरुले राजीनामा मागेका थिए । न्यायाधीशहरुको आन्दोलनपछि सर्वोच्च अदालतको न्याय सम्पादन अवरुद्ध बनेको थियो ।

तर सत्तारुढ सांसदहरुले भने फागुनमा मात्रै महाअभियोग लगाएका थिए। महाअभियोग माथि ६ महिनापछि सिफारिस समितिले जबरालाई बयानका लागि बोलाएको हो । तर जबराको महाअभियोग अनुमोदन हुने सम्भावना भने न्यून छ । किनकि सत्तारुढ दलहरुसँग महाअभियोग अनुमोदनका लागि आवश्यक दुई तिहाइ बहुमत छैन।

एमाले भने महाअभियोगको विपक्षमा उभिएको छ । एमालेको साथ नभएसम्म महाअभियोग अनुमोदन नहुने भएपनि सिफारिस समितिले भने जबरासँग बयान लिएको छ ।

## अध्ययनपछि...

पनि अनुरोध गरेका छन्। काउन्सिलर श्रम र श्रम सहचारीहरूले आफूले काम गरिरहेको श्रम गन्तव्य मुलुकमा श्रमिकका समस्या, उनीहरूले पाउने सेवा, सुविधा र तलबको अवस्था, म्यानपावर व्यवसायीले गरेको ठगी तथा बद्मासी, जेल परेका तथा मृत्यु भएका कामदारको व्यवस्थापन, अलपत्र परेका कामदारहरुलाई दूतावासले गरिरहेको सहयोगलगायतका विषयमा जानकारी गराएका थिए ।

काउन्सिलर श्रम र श्रम सहचारीहरूले नेपालीहरु काम गर्न भन्दा पनि भिजिट भिसामा सम्बन्धित मुलुकमा गएर लुकेर बसेका कारण समस्यामा पर्ने गरेको जानकारी गराए । भिजिट भिसालाई व्यवस्थापन गर्नका लागि सहयोग गरिदिन मन्त्री कुँवरलाई आग्रह गर्दै उनीहरूले सीप सिकेका कामदारलाई मात्रै विदेश पठाउनका लागि सरकारले विशेष पहल गर्नुपर्ने पनि माग राखेका छन् ।

## रेमिट्यान्स...

प्रतिशतले घटेको थियो । यस्तै चालु आर्थिक वर्ष २०७९/८० को पहिलो महिना साउनमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या २२२.८ प्रतिशतले वृद्धि भएको छ । वैदेशिक रोजगार विभागका अनुसार गत साउन महिनामा ४४ हजार ५४० जनाले वैदेशिक रोजगारीमा जानको लागि अन्तिम श्रम स्वीकृति लिएका छन् । अघिल्लो आर्थिक वर्षको साउन महिनाको तुलनामा यो संख्या २२२.८ प्रतिशतले बढी हो ।

त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या साउन महिनामा ७५.४ प्रतिशतले वृद्धि भई २० हजार ३९० पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २८६.१ प्रतिशतले बढेको थियो ।

## कम्पाउण्डभित्र...

महानगरले डोजर चलाउनु भन्दा अगाडि अतिक्रमण गरी बनाइएको संरचना हटाउन सूचना जारी गरेको थियो । गएको साउन १२ गते सूचना जारी गरेपनि नहटाएको संरचना हटाउन बिहीबार महानगरको टोली जय नेपाल हल पुगेको थियो । ३५ दिने सूचना अटेर गरेर बसेको हलको परिसर भत्काउने क्रममा टुकुचा खोला भेटिएको हो ।

महानगरले सार्वजनिक क्षेत्र अतिक्रमण गरी बनाइएको संरचना लगातार भत्काइरहेको छ । नक्सा बिपरीत बनेको संरचना हटाउन महानगरले सूचना समेत जारी गरिरहेको छ ।

### स्थानीयकै सहयोग

पछिल्लो समय काठमाडौं महानगरपालिकाको गतिविधि र जारी सार्वजनिक सूचनाका आधारमा नागरिक आफैँले अवैध संरचना हटाउन थालेका छन् ।

कामपाको भित्री वडाका नागरिकले यसअघि आफूले भोग चलन गर्दै आएका तर कानूनी आधार नभएका संरचना हटाउन थालेका हुन् । विशेषगरी असन, इन्द्रचोक, बाङ्गेमुढा, भेडासिंहलगायत स्थानका नागरिकले कानूनी आधार नभएका संरचना हटाएर कामपालाई सहयोग गर्न थालेका हुन् ।

'पहिले जस्तो अटेर गर्ने बानीमा केही परिवर्तन आएको छ, अहिले केही स्थानमा नागरिकले नै कानूनविपरीतका संरचना हटाउन थालेका छन्, हाम्रो चाहना पनि त्यही नै हो', कामपा नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले भने । करिब एक महिनादेखि कामपाले अवैधरूपमा निर्माण गरिएका सबै संरचना हटाउने काम गरिरहेको छ । सो संरचना हटाउनुपूर्व कामपाले ३५ दिने सार्वजनिक सूचना जारी गरेको थियो ।

उक्त सूचनाको बेवास्ता गरेपछि कामपाले नक्साअनुसार निर्माण नभएका, नक्साअनुसार निर्माण भए पनि सोहीअनुरुप प्रयोग नभएका र सार्वजनिक जग्गा मिचेर निर्माण भएका सबै संरचनामाथि डोजर चलाउने काम गरिरहेको छ ।

कामपाले यही भदौ ६ गतेदेखि त्यस्ता संरचनालाई डोजर लगाएर भत्काउन सुरु गरेको हो । यस अवधिमा काठमाडौं महानगरपालिकाले ३९ स्थानका अवैध संरचना हटाएको छ । यही भदौ ६ गतेदेखि सुरु गरेको अभियानअन्तर्गत कामपाले १९ ठाउँका बेसमेन्ट तथा जमिन तलाको व्यावसायिक प्रयोजन हटाएर पार्किङका लागि खाली गराएको छ भने २० ठाउँका मापदण्डविपरीत निर्माण गरिएका अनधिकृत संरचना हटाएको छ ।

*-राससको सहयोगमा*


**ZERO COST RECRUITMENT IN UAE**
**युएई मुलुकमा शुन्य लागतमा रोजगार**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No any Deductions. निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, केही पनि कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने ।

**Name of Employer: ABU DHABI NATIONAL HOTELS**
**रोजगारदाता कम्पनी : अबु दाबी नेशनल होटेलस्**

| पूर्व स्वीकृति मिति : २०७७/९/१९ Pre Approval Date: 2021/01/03 | चलानी नं.: ६०१५४०३९ Reference No. 60154039 | LOT No. 235632 | शहर: UAE, Abudhabi |
|---|---|---|---|

| सि. नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Monthly Basic Salary मासिक तलब AED | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रतिदिन कामगर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक बिदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Female Cleaner महिला क्लिनर | - - | 91 ९१ | 800 ८०० | 25600 २५६०० | As per UAE Labour Law युएई श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | Yes छ | Yes छ | 2Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा बिमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्ककतिलाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्बन्धिव्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| NRS 4500 ने.रु ४५०० | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | Age 18-35 Nrs. 3708 Age 36-50 Nrs. 4931 उमेर १८-३५सम्म ने.रु ३७०८ उमेर ३६-५०सम्म ने.रु ४९३१ | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | NRS 700 ने.रु ७०० | NRS 1500 ने.रु १५०० | By Employer रोजगारदाताले व्यहोर्ने |

**ABU DHABI NATIONAL HOTELS** does not Impose any Recruitment/Placement Fee for this Employment.
अबु दाबी नेशनल होटेलस् रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।

**Note नोट :**

- Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.
आवेदकहरूलाई कुनै मध्यस्थकर्ता प्रयोग नगरी सीधा आवेदन दिन आमन्त्रित गरिएको छ। आवेदक वा तिनीहरूको परिवार सदस्यहरूले यस भर्तीको लागि कुनै पनि प्रकारको शुल्क तिर्न आवश्यक छैन ।
- The River Overseas Pvt.Ltd. does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in the sourcing and Recruitment Process.
दि रिभर ओभरसीज प्रा.लि. सोर्सिङ र भर्ती प्रक्रियामा कुनै पनि एजेन्ट/सब-एजेन्ट/तेस्रो पक्ष संलग्नता/मध्यस्थहरू प्रयोग गर्दैन ।
- The River Overseas Pvt.Ltd. is committed to comply the principles and guidelines of "ZERO COST RECRUITMENT " and "Fair Recruitment Practices" providing equal opportunities to the applicants based on the merit and with respect, also engaging the applicants fairly and transparently.
दि रिभर ओभरसीज प्रा.लि. 'शून्य लागत भर्ती' र 'निष्पक्ष भर्ती प्रकृया'को सिद्धान्त र नियमहरू पालना गरी आवेदकहरूलाई योग्यताको आधारमा सम्मानपूर्वक निष्पक्ष र पारदर्शी रूपमा संलग्न गराउन को लागि साथै समान अवसरहरू प्रदान गर्नको लागि प्रतिबद्ध छ ।
- If you feel that someone is trying to influence you, or if you have any complaints, please feel free to e-mail at river.helpline@gmail.com or contact us directly at mentioned number +977 9801247245 We ensure your confidentiality.
यदि कोही कसैले प्रभावमा पार्नखोजेको महसुस भएमा अथवा कुनै गुनासो भएमा, कृपया स्वतन्त्र रुपमा सिधै कार्यालयको इमेल river.helpline@gmail.com वा उल्लेखित फोन नं. +977 9801247245 मा सम्पर्क हुन हार्दिक अनुरोध गर्दछौं । हामी तपाईंको गोपनीयता सुनिश्चित गर्दछौं ।

**Interview will be conducted on 23 September 2022 in office premises.**
**अन्तरवार्ता मिति २०७९ असोज ७ गते कार्यालय परिसरमा हुनेछ ।**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name . २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिननियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमापर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिमअनिवार्य लिनुपर्ने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमाथप केहीबुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment , Budhanagar.:

**The River Overseas Pvt. Ltd.**
Govt. Lic. No. 406/060/061
Battisputali, Gaushala, Kathmandu, Nepal
Tel : +977-1-4462431, 4462432,
Cell 9801247247, 9801247223, 9801247227 Fax : +977-1-4462430
Email : admin@theriveroverseas.com, Web: www.theriveroverseas.com



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०७९/०५/३१**

**चार्म मेडिसिन प्रा.लि. (Charm Medicine Pvt. Ltd.)**को मिति २०७९/०५/२५ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **चार्म ट्रेडर्स प्रा.लि. (Charm Traders Pvt. Ltd.)(प्रा. लि. नं.: २९३८९५)**कायम गर्ने गरी मिति २०७९/०५/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०९/१९ मा दर्ता भएको **प्रा.लि. नं. १०८५५८** को **गामवेसी कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०७९/०५/३० मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com



**मलेसियामा रोजगार** | १. कम्पनीः **TWINNO ALUMINIUM CONTRACT SDN BHD**
शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०५/२९ चलानी नं.: ६०१८७७८३ **LT. No.: 271926**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः **SBN SINAR DAN BERSIH SDN BHD** शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०५/२९ चलानी नं.: ६०१८७७८४ **LT. No.:271927**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ७ गते (23 September 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Maven Recruitment Services Pvt. Ltd.**
साविककोः **Baby Star International Pvt. Ltd.**
Gov. Lic No. 1081/073/074
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4492613, 4494173, Fax: 4494173
9851041565, Email: mavenrs2017@gmail.com

# महंगियो नेपालीको भान्छा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० भदौ



पछिल्लो समय नेपालमा महंगी दिनप्रति दिन बढ्दै गएको छ। महंगीका कारण ज्याला मजदुर गरेर जीवनयापन गर्ने सर्वसाधारण थप समस्यामा परेका छन्। नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०७९/८० को पहिलो महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८.२६ प्रतिशत रहेको छ।

अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.३५ प्रतिशत रहेको थियो।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.११ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ९.१८ प्रतिशत रहेको छ।

२०७८ साउन महिनाको तुलनामा २०७९ साउन महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत घ्यू तथा तेल, फलफूल, रेष्टुरेण्ट तथा होटल, मदिराजन्य पेय पदार्थ र दुग्ध पदार्थ तथा अण्डा उपसमूहको मूल्यवृद्धि क्रमशः १९.५८ प्रतिशत, १८.७९ प्रतिशत, ११.८४ प्रतिशत, १०.२४ प्रतिशत र १०.१९ प्रतिशत रहेको छ।

साथै, गैर-खाद्य तथा सेवा समूह अन्तर्गत यातायात, स्वास्थ्य, फर्निसिङ्ग तथा घरायसी उपकरणहरु, शिक्षा र घरायसी उपयोगका वस्तुहरु उपसमूहको मुद्रास्फीति क्रमशः २३.८८ प्रतिशत, १०.५४ प्रतिशत, ९.०४ प्रतिशत, ८.११ प्रतिशत र ७.८६ प्रतिशत रहेको छ।

समीक्षा महिनामा काठमाडौं उपत्यकामा ७.३९ प्रतिशत, तराईमा ८.७२ प्रतिशत, पहाडमा ८.६४ प्रतिशत र हिमालमा ६.६४ प्रतिशत मुद्रास्फीति रहेको छ। २०७८ साउन महिनामा यी क्षेत्रहरुमा क्रमशः ३.७० प्रतिशत, ४.११ प्रतिशत, ५.६३ प्रतिशत र ३.५८ प्रतिशत मुद्रास्फीति रहेको थियो।

आर्थिक वर्ष २०७९/८० कोपहिलो महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १२.५८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.२५ प्रतिशत रहेको थियो।

समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः १०.६२ प्रतिशत, १४.६८ प्रतिशत र ६.८७ प्रतिशत रहेको छ। समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि १९.३६ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७९/८० को पहिलो महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ११.०६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क ५.०५ प्रतिशतले बढेको थियो। समीक्षा महिनामा तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्क क्रमशः १०.६९ प्रतिशत र ११.१८ प्रतिशतले बढेको छ।

२०७९ साउन महिनामा नेपालको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८.२६ प्रतिशत रहेको छ। सन्२०२२ अगष्ट महिनामा भारतको यस्तो मुद्रास्फीति ७.०० प्रतिशत रहेको छ।

## बबईमा नेकपा एमाले भेला

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, भदौ ३०

नेकपा एमाले बबई गाउँपालिका वडा नम्बर ५ वडा कमिटीको भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। वडा कमिटी उपाध्यक्ष ज्ञान बहादुर वलीको अध्यक्षता तथा प्रदेश कमिटी सदस्य भुवनेश्वर पौंडेलको प्रमुख अतिथ्यता तथा नेकपा एमाले बबईका ईन्चार्ज डिल्ली बुढाथोकीको विशिष्ट आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा बोल्ने वक्ताहरुले आगामी मंसिरमा हुने प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनमा पाँच दलीय गठबन्धनकाबीचमा नेकपा एमालेलाई जिताउने गरी तयारी थाल्न नेकपा एमालेमा आस्थावान कार्यकर्तालाई आग्रह गरेका छन्।

उनीहरुले नेतृत्वले जनभावना अनुसार काम गर्न आवश्यक रहेको उल्लेख गर्दै नेतृत्वले जनभावना अनुसार काम नगरे कार्यकर्ताले खबरदारी गर्न आवश्यक रहेको बताएका छन्।

कार्यक्रममा नेकपा एमाले बबई गाउँकमिटी सदस्यहरु भिम खड्का, मेघराज घर्ती वडा नम्बर ४ का वडा कमिटी अध्यक्ष नारायण परियार बबई गाउँकमिटी सचिवालय सदस्य लिलाधर भण्डारी, डिल्ली भण्डारी, पर्शुराम वली, बबई गाउँ कमिटी उपसचिव शोभा खड्का उपाध्यक्ष शारदा शाहा, गाउँकमिटी अध्यक्ष टंकराज विश्वकर्मा जिल्ला सदस्य राजकुमारी बुढा लगायतले बोलेका थिए। कार्यक्रमको सञ्चालन वडा कमिटी सचिव भागिराम विश्वकर्माले गरेका थिए।

## १३ लाख ठगी गरेको आरोपमा पक्राउ



**काठमाडौं/मस–** बेलायत पठाइदिन्छु भन्दै १३ लाख ४६ हजार ठगी गरेको आरोपमा एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सोलुखुम्बुको थुलुङ दूधकोसी गाउँपालिका-२ घर भई काठमाडौं कागेश्वर मनोहरा नगरपालिका काँडाघारी बस्ने ४३ वर्षीय बालकृष्ण कार्की रहेका प्रहरीले जनाएको छ। उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो। पक्राउ कार्कीले केही व्यक्तिलाई 'वर्किङ भिसा'मा बेलायतलगायतका देशमा रोजगारीका लागि पठाइदिन्छु भन्दै पीडितबाट नगद रु १३ लाख ४६ हजार लिएर सम्पर्कविहीन भएपछि प्रहरीले खोजी गर्ने क्रममा बिहीबार काठमाडौं महानगरपालिका-४ धुम्बाराहीबाट पक्राउ गरेको हो। पक्राउ उनलाई थप अनुसन्धान तथा कारवाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाइएको सो कार्यालयले जनाएको छ।

## सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थ निषेध




काठमाडौं/मस- काठमाडौं महानगरपालिकाले सार्वजनिकस्थलमा धुमपान तथा सुर्तीजन्य पदार्थ सेवनलाई निषेध गर्ने भएको छ।

महानगरपालिकाको नगरसभाको ११औं अधिवेशनबाट सार्वजनिकस्थलमा धुमपान गर्न निषेध गर्ने व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन गर्ने नीति पारित गरेको छ।

महानगरपालिकाले एक सूचना जारी गर्दै आउँदो असोज १ गतेबाट महानगरका सार्वजनिकस्थलमा चुरोट, बिडी, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नसा लिने वा सेवन गर्ने कार्य निषेध गरिएको जनाएको छ।

यसैगरी महानगरको नियम उल्लङ्घन गरेमा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ समेतका आधारमा कानुन उल्लङ्घन गर्ने व्यक्तिलाई सार्वजनिकस्थलबाट बाहिर निकाल्ने वा तोकिएबमोजिमको जरिवानासमेत हुने कामपाका निर्देशक तथा सूचना अधिकारी वसन्त आचार्यले जानकारी दिए।

Province Government
Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
Road Infrastructure Development Office
Rupandehi

Notice for Opening of Price Bids

Date of Publication: 2079/05/31 (16 Sep, 2022)

1) Pursuant of clause 31 (nga), Sub clause 5 of Public Procurement Regulation, 2064 (including amendments), this is to notify all the concerned bidder, participated in the bidding of contract invited through IFB No : 19-078/079 published in National Daily on 2079/03/12, The technical bid of following listed bidders for respective contract are qualified.
2) All the qualified bidders are notified to participate in opening of Price Bids scheduled on **2079/06/07 (23 Sep, 2022 ) 13:00** hours at the office of **Road Infrastructure Development Office, Rupandehi.**

| S. N | Contract Identification No | Description and Location of Works | Qualified Bidders |
|---|---|---|---|
| 1 | RIDORUP/RUP/134/NCB/078/79/157 | Febrication, Supply, Transportation, Construction and Erection of Tulshighat Trail Bridge | BARIRO/B.LAMA/JUCTION JV, Kathmandu |

Senior Divisional Engineer

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन लहान
सिरहा

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशन मिति २०७९-०५-३१

यस डिभिजनबाट राष्ट्रिय दैनिकको मिति २०७९/०३/२७ गते तथा PPMO को E-Procurement Portal मा समेत प्रकाशित सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सुचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको बोलपत्रदाताहरुको नाम | कवोल रकम (मु.अ.क. र PS सहित) |
|---|---|---|---|---|
| १ | 20/RDLHN/33701122/078/79-84 | Construction of RCC Bridge over Khir khauka Khola Bridge (1x15m RC C) Along Rajbiraj Chhinnamasta Road katti to Belha West tole ma parne Sadak Saptari | Ajay Construction Gobindpur-4, Recent Lahan -6 Siraha . | ५४२२०७८३.३९ |

डिभिजन प्रमुख

**गुल्मी डायरी : सुमन महतारा/मध्यान्ह**

## सुत्केरी बिदामा रहँदा स्वयंसेवक शिक्षक राख्ने गाउँपालिकको निर्णय




गुल्मीको इस्मा गाउँपालिकाले शिक्षक सुत्केरी बिदामा रहँदा पठनपाठन गर्न स्वयंसेवक शिक्षक राख्ने निर्णय गरेको छ। शिक्षकहरू विदामा रहँदा सिकाइमा असर गरेको भन्दै कार्यपालिकाको बैठकले २३ जना शिक्षक स्वयंसेवक राख्ने निर्णय गरेको गाउँपालिकाले जनाएको छ।

विद्यालयमा कुनै महिला शिक्षक सुत्केरी भएको समयमा अथवा कुनै शिक्षक कुनै कारणबस लामो बिदामा बसेको समयमा विद्यालयमा पठनपाठनमा समस्या नहोस भनेर उक्त व्यवस्था गरिएको गाउँपालिकाकी उपाध्यक्ष अधिवक्ता पार्वती कुँवरले बताइन्।

ती शिक्षक कर्मचारीलाई वडा अनुसार क्षेत्र तोकेर पठाइने र खाली रहेको कक्षा कोठामा उनीहरूले अध्ययन गराउने उपाध्यक्ष कुँवरको भनाइ छ।

यो पहिलो वर्ष भएकोले यो परीक्षणको रुपमा पनि रहेको उपाध्यक्ष कुँवरले बताएकी छन्। शिक्षकहरु १५ दिन भन्दा लामो समयसम्म बिदामा बस्दा वा परीक्षाको समयमा बिदामा बस्दा र अन्य कुनै बिदामा बस्दा विद्यालयको नियमित पढाइ प्रभावित नहोस भनेर यस्तो निर्णय गरिएको कुँवरले बताइन्।

सुतकेरी बिदा बस्ने महिला शिक्षक तथा सुत्केरी स्याहार बिदामा बस्ने पुरुष शिक्षकलाई प्राथमिकता राखेर यो निर्णय गरेक र यो निर्णय कार्यविधि पास भएको समेत कुँवरले जानकारी दिइन्।

यसबाट विद्यालयमा शिक्षक अनुपस्थित भएका कारण पठनपाठन अवरुद्ध हुने समस्याको अन्त्य हुने पालिकाले जनाएको छ।

कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाभित्र रहेका माध्यमिक, निम्न माध्यमिक, प्राथमिक र बालशिक्षा गरी जम्मा ४७ वटा विद्यालय रहेका छन्। ती विद्यालयहरुमा प्राथमिक तह शिक्षक १० जना, प्रारम्भिक बालविकास शिक्षक १० जना र विद्यालय सहायक ३ जना गरी २३ जना स्वयम् सेवक शिक्षक रहने गाउँपालिकाले जनाएको छ।

## नेपाल नगरपालिका संघ लुम्बिनीको अध्यक्षमा पन्थी



नेपाल नगरपालिका संघ लुम्बिनी प्रदेशको अध्यक्षमा गुल्मीका खिलध्वज पन्थी निर्वाचित बनेका छन्। रुपन्देहीमा भएको प्रदेशको भेलाले गुल्मीको रेसुंगा नगरपालिकाका प्रमुख पन्थीलाई सर्वसम्मत निर्वाचित गरेको हो।

लुम्बिनी प्रदेशका नगर प्रमुख, उपप्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतहरुको अभिमुखीकरणको अवसरमा भएको नगरपालिका संघको अधिवेशनबाट रेसुंगा नगरपालिकाका प्रमुख पन्थीको नेतृत्वमा १५ सदस्यीय समिति गठन भएको हो। अध्यक्षमा निर्वाचित भएपछि बोल्दै पन्थीले सबै नगरका समस्या साझा हुनेभएकोले आफूले सबैसँग सहकार्य गरेर अगाडि बढ्ने बताए। सबै नगरका प्रमुख र उपप्रमुखले जनताको अपेक्षा अनुसार काम गर्न चाहेकोले सबै मिलेर जनताको जीविकोपार्जनलाई माथि उकास्ने कार्यमा एकताबद्ध हुने पनि पन्थीले बताएका छन्।

लुम्बिनी प्रदेशमा ४ उपमहानगर र ३२ नगरपालिका गरि ३६ नगरहरु नगरपालिका संघ अन्तर्गत रहेका छन्। नेपाल नगरपालिका संघ लुम्बिनी प्रदेश अध्यक्ष बनेका रेसुंगा नगरपालिका गुल्मीका प्रमुख पन्थी नेपाली कांग्रेस गुल्मीका सभापति समेत हुन्।

मलेसियामा रोजगारको अवसर | कम्पनी : LIAN CHOON HUAT METAL INDUSTRIES SDN. BHD.
शहर : PERAK

पूर्व स्वीकृत मितिः २०७९/०५/३० चलानी नं.: ६०१८७७५६ LT. No.: 272002

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ७ गते (23 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Baba Human Resource Management Pvt. Ltd.
नयाँ बानेश्वर, काठमाडौं, फोन : 01-4792482/4792549
E-mail : babahrmgt@gmail.com
Govt. Lic. No. 1367/074/075

मलेसियामा रोजगार | कम्पनी: ZAFRAN SECURITY SERVICES SDN BHD
शहर: Malaysia,GENTING KLANG

पुर्व स्वीकृत मितिः २०७९/०५/३० चलानी नं.: ६०१८७७६७ LT. No.: 272024

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ७ गते (23 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

C.D. Human Resources Pvt. Ltd.
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
Mob.: 9851010834, 9741826447 | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Gov. Lic. No. 1048/073/74
Mobile :9801081252, 9801081255 , 9801094766, 9801081253 9801081246

साइप्रसमा रोजगार | १. कम्पनी: ANSOT EMPLOYMENT SERVICES LIMITED
शहर: CYPRUS

पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३५७६ LT. No.: 267401 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 2 | 2 | सम्बन्धित काममा दक्ष | 1296 | १६८,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 8 | 8 | | 1183 | १५३,९५६ | | | | | | | |

यसै कम्पनीको लागि Pastry Bakery को पनि माग भएकाले परामर्शको लागि सम्पर्क गर्नुहोला।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ३ गते (19 September 2022) मा हुनेछ।

२. कम्पनी: A.D. HOME SERVE (DOMESTIC EMPLOYMENT AGENCY) शहर: Cyprus

पूर्व स्वीकृत मितिः २०७९/०४/०३ चलानी नं.: ६०१८३५७२ LT. No.: 267617 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 314 | ४०,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ६ गते (22 September 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | रु. ३५,०००/- रोजगारदाताले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

KALINCHOK H. R. PVT. LTD.
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np
License No.: 1406/074/075

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३१ भदौ २०७९, शुक्रबार
16 September 2022, Friday

## सम्पादकीय

# नसुल्झिने समस्या

कोरोना महामारीसँगै देशभर डेंगुको प्रकोप देखिएको छ । सातै प्रदेशका ७५ जिल्लामा डेंगुको प्रकोप देखिएको सरकारी तथ्याङ्कले देखाएको छ । डेंगुबाट ९ जनाको मृत्यु भइसकेको छ भने १२ हजार हाराहारी जनसंख्यामा डेंगुको संक्रमण देखिएको छ । डेंगुको प्रकोपबाट सवैभन्दा धेरै बागमती प्रदेश प्रभावित बनेको छ । सन् २००४ देखि नेपालमा देखिन थालेको डेंगु यसअघिका वर्षहरूमा बढी गर्मी हुने र लामखुट्टे लाग्ने क्षेत्रमा देखिने गरेको थियो । तर यसपटक भने देशैभर डेंग फैलिएको छ । बागमती प्रदेशमा धेरै संक्रमण देखिनुको कारण भने राजधानी उपत्यकामा देखिएको प्रकोप हो । राजधानी उपत्यका हटाउने हो भने बागमती प्रदेशको संक्रमित संख्या घटेर जाने देखिन्छ । तसर्थ डेंगुको बढी प्रभावित राजधानी उपत्यका रहेको काठमाडौं हो ।

